CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #४६

०८।४।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

२०७७ साउन ५ गतेको मन्त्रिपरिषदले लकडाउन सम्बन्धी गरेका महत्वपूर्ण निर्णयहरु

२०७७ साउन ६ गते मध्यरातीबाट लकडाउन खुला

कोभिड - १९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी गरिएका अन्य व्यवस्था यथावत राख्ने र २०७७ साउन ३२ गते सम्म नेपालको सिमानामा रहेका सबै प्रवेश विन्दु बन्द रहने ।

साउन १५ गते देखी सञ्चालन हुने

ट्रेकिङ, ट्राभल, पर्वतारोहण लगायतका प्रयटन व्यवसाय, होटल, रेष्टुरेण्ट (सामुहिक भोज, पार्टी, सेमिनार वा अन्य समुसहिक भेला हुने कार्य भने गर्न पाईने छैन।)

भदौ १ गते देखि सञ्चालन हुने

- छोटो, मध्यम र लामो दुरीमा सञ्चालन हुने सार्वजनिक यात्रुवाहक साधन
- आन्तरिक तथा अन्तरराष्ट्रिय उडानहरु
- अन्तरराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेलहरु
- विद्यार्थी भर्ना, शैक्षिक र अन्य परिक्षा सञ्चालन

अर्को सूचनाले तोकेको मितिबाट सञ्चालन हुने

विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र, सभा, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, सैलुन, ब्युटी पार्लर तथा स्पा, स्विमिङ पुल, जिमखाना, हेल्थ क्लव, सबै प्रकारका धार्मिक र सामाजिक स्थल, पुस्तकालय, संग्रहालय र चिडियाखाना

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-2077-04-05

नेपाल अपडेट

काभ्रेको बिकठ महाभारत गाउँपालिका गोकुलेमा गाउँपालिका प्रमुख कान्छालाल जिम्बको पहलमा सुत्केरी महिलाको उद्धार गरिदै

तस्बिर: केशवराज पौडेल

हल्ला र तथ्य

स्थानीय तहले नै कामदार कोरिया पठाउँदैछन् रे ।

केही स्थानीय तहले कोरिया सरकारका विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुसंग सोझै सम्पर्क तथा समझदारी गरी रोजगारीमा पठाउने गरेको बुझिएकोले त्यस्तो नगर्न नगराउन श्रम तथा रोजगार मन्त्रालयले अनुरोध गरेको छ । कोरिया कामदार पठाउँदा नेपाल सरकार र गणतन्त्र कोरिया बिच सम्पन्न भएको समझदारी अनुसार EPS मार्फत मात्र नेपाली कामदार पठाउन सक्ने व्यवस्था छ । त्यसै गरेर, कोरियन सरकारबाट जारी 'E-7 Visa' का आधारमा वैदेशिक रोजगार विभागबाट व्यक्तिगत श्रम स्वीकृती लिएर पनि जान सक्ने व्यवस्था छ । यसभन्दा बाहेकको काम वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक राजगार नियमावली, २०६४ विपरित हुन्छ ।

स्रोत: https://www.mofaga.gov.np/uploads/notices/Notices-20200720155256453.pdf

विदेशबाट आएका व्यक्तिलाई सरकारले होम क्वारेन्टाईनमा बस्न दिने भनेको छ । तर, होम क्वारेन्टाईनमा बस्ने मापदण्ड नपुग्नेहरुले के गर्ने ?

विदेशबाट नेपाल फर्किने व्यक्तिहरुले आफ्नै घरमा तोकिएको मापदण्ड पुरा गर्ने गरी होम क्वारेन्टाईनमा बस्न पाउँ भनि अनुरोध गरेमा, सम्बन्धित स्थानीय निकायको सहमती र प्रत्यक्ष निगरानीमा रहनेगरी होम क्वारेन्टाईनमा बस्न पाईनेछ । तर, तोकिएको मापदण्ड बमोजिम कुनै व्यक्ति होम क्वारेन्टाईनमा रहन नसक्ने अवस्था भएमा नेपाल सरकारले तोकेको सार्वजनिक क्वारेन्टाईनमा बस्ने व्यवस्था मिलाउने जिम्मेवारी स्थानीय सरकारको हुनेछ ।

स्रोत: https://drive.google.com/file/d/1W34BbBTqr1g7Hzwut5JhuwtjZLkKAXHp/view

कोरोना भन्दा पनि अहिले त बाढि पहिरोले धनजनको क्षती बढी भईरहेको छ । त्यस्ता व्यति तथा परिवारलाई कस्तो राहतको व्यवस्था छ ?

विपदबाट घर, बहाल, आवास नष्ट भएमा, खाद्यान्न बाली, तथा जग्गा जमीन वा पसल व्यवसाय समेत नोक्सानी भएमा तत्काल गुजाराका लागि प्रति परिवार ५ जना सम्म सदस्य भए रु. १५ हजार र ५ जना भन्दा बढी सदस्य भएमा रु. २० हजार सम्भव भए सम्म सरकारले घटना स्थलमै उपलब्ध गराउने छ । त्यसै गरेर, विपदको घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु. २ लाख, सोही परिवारमा अन्य व्यक्तिको पनि मृत्यु भएमा प्रति व्यक्ति थप रु. एक लाखका दरले सरकारले राहत रकम उपलब्ध गराउँछ । तर, परिवारका सबै सदस्यको मृत्यु भएमा भने राहत उपलब्ध गराईने छैन ।

स्रोत: https://www.moha.gov.np/post/press-release-2032

सरकारले विद्यालय तथा क्याम्पसको पठनपाठन निशेध नै गरेको छ । तर, फेरी क्याम्पसहरु सुचारु हने भन्ने पनि सुनिन्छ । वास्तविकता के हो ?

विद्यार्थिको नियमित पठनपाठन, पुस्तकालय सञ्चालनलगायतका नेपाल सरकारले निषेध गरेका कार्य बाहेक प्रशासनिक लगायत अन्य कार्य सञ्चालन गर्ने भनेको हो । ति नियमित कार्य सञ्चालन गर्न सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा निर्देशनलाई भने अनिवार्य पालना गर्नुपर्ने छ । लकडाउनको अवधिमा शिक्षकलाई सार्वजनिक विदा दिईदै आए पनि, लकडाउन सकिएसंगै उक्त विदा पनि सकिएको जनाएको छ । यसको अर्थ, ति शिक्षक र कर्मचारीहरु सरकारले भने बमोजिम भदौ १ गते पश्चात सञ्चालन हुने परिक्षाको तयारी लगायत अन्य कार्यमा जुट्नेछन् ।

स्रोत: https://cutt.ly/za8YF47

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
२,५८,१५६ संक्रमित	६१,१८५ संक्रमित	३७,६३७	१,०७,८७१	५७,७३४ संक्रमित	७२,६४६	८,८४० संक्रमित	१३,९३८
१७५० नेपाली संक्रमित	१५०० नेपाली संक्रमित	४५१ नेपाली संक्रमित	२०,६०० नेपाली संक्रमित	२००० नेपाली संक्रमित	४५ नेपाली संक्रमित	८१ नेपाली संक्रमित	
९ मृत्यु भएका नेपाली	७ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	१६ मृत्यु भएका नेपाली	३० मृत्यु भएका नेपाली	१ मृत्यु भएका नेपाली		



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

अवस्था सुधिदै गईरहेकोले खाडिका देशहरुमा विदेशी कामदार लक्षित नियमहरु फेरिद

अगस्ट १ देखी नेपालबाट अन्तरराष्ट्रिय उडान सुरु हुने भएको छ ।

कतार

४० वटा देशलाई कम जोखीमयुक्त देशको सूचिमा राखेर कतार आउन सक्ने भनिएको छ । उक्त सूचिमा नेपाल परेको छैन । हरेक २ /२ हप्तामा अपडेट हुने यो सूचिमा नेपाल परेपछी नेपालबाट पनि कतार जान सकिने छ । अहिलेको अवस्थामा कतार जानै परे ईन्ट्रि पर्मिट लिनु पर्ने हुन्छ । साथै ४८ घण्टा भित्र PCR परीक्षण गरेको Report पनि हुन जरुरी छ ।

यू.ए.ई.

यू.ए.ई.को भिषा भएका र यू.ए.ई. भन्दा बाहिर भएकाहरुले यू.ए.ई. आउँदा GDRFA cyjf ICA फारम भर्नु पर्ने हुन्छ । त्यसै क्रममा GDRFA फारम भर्दा, पहिले रेसिडेन्स भिषा र पासपोर्टको कपि चाहिन्थ्यो भने, अहिले कम्पनिबाट नो अब्जेक्सन सर्टिफिकेट र प्रतिज्ञापत्र पनि चाहिने भएको छ । यदी फ्रि जोन को भिषा छ भने फ्रि जोनको प्रमाणित कागजात पनि चाहिन्छ ।

कुवेत

कुवेत बाहिर भएका र भिषा सकिएकाहरुले फेरी कुवेत फर्किनु परेको खण्डमा नयाँ भिषा लगाउनु पर्नेछ । यस्तो नियमबाट ४०,००० आप्रवासी कामदार प्रतक्ष्य प्रभावित हुने जनाएको छ । कुवेतले अगस्ट १ देखी बाहिर भएका नागरी(कलाई आउनको लागी खुल्ला गर्ने जनाएलको छ

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

आ.व. २०७५/७६ मा सुदूरपश्चिम प्रदेशको बेरुजुको अवस्था





जम्मा लेखा परीक्षण गरिएको रकम

२२ अर्ब ८ करोड

जम्मा लेखापरीक्षण गरिएका कार्यालय **१२७**

बेरुजु देखिएका कार्यालय **७०**

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

आर्थिक वर्ष २०७५/७६ मा सुरपश्चिम प्रदेशका खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन



सुदूरसपश्चिम प्रदेशमा जम्मा ८८ करोड ३० लाख खर्च बेरुजु देखिन्छ । जुन उसको जम्मा लेखा परीक्षण भएको रकमको ३.८७% हो । करिब ५६% (१२७ मध्ये ७०) कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ, जुन अली बढी हो । संघिय सरकार जस्तै, सुदूरपश्चिम प्रदेशमा पनि पेश्कीमा बेरुजु (४४%) धेरै छ । त्यसै गरेर, प्रयाप्त विवरण नभएको बेरुजु करिब ३५% रहेको छ । प्रयाप्त विवरण पेश नगरी गरिएको खर्चले कार्यालयको नैतिकता माथी प्रश्न उठाउँछ । यसलाई रोक्नको लागि तत्काल कदम चाल्न जरुरी छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयको अवस्था भने सन्तोषजनक छ, जहाँ कुनै बेरुजु छैन । यद्यपी अन्य मन्त्रालयको बेरुजुको अवस्थाले भने निरास बनाउँछ । भौतिक विकास पूर्वाधार मन्त्रालय र सामाजिक विकास मन्त्रालयको समग्र बेरुजु ७५% हुनुले गम्भिर प्रश्न उठाएको छ । यि मन्त्रालयहरुले ठुलो रकम खर्च नगरे पनि प्रदेशको विकासमा त्यतिकै जिम्मेवार छन् । यि मन्त्रालयमा देखिएको बेरुजुले गर्दा प्राथमिकताका क्षेत्रमा रकम पुगिरहेको छैन । त्यसै गरेर आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा भएको उच्च बेरुजुले प्रदेशको सुरक्षा व्यवस्था र कृषि विकासमा गहन प्रश्न उठाएको छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

दक्षिण एशियामा कोभिड - १९ का कारण रेमिट्यान्स्मा गिरावट र त्यसको असर

समग्रमा विश्वको कुल रेमिट्यान्सको करिब २२% रेमिट्यान्स् दक्षिण एशियामा मात्र आउँछ । जुन अघिल्लो वर्षको आँकडा हेर्ने हो भने, १२२.४ बिलियन अमेरिकी डलर हो । यसरी हेर्दा, यो महामारीले दक्षिण एशियाली मुलुकको अर्थतन्त्रलाई धरासयी बनाएको बुझन सकिन्छ । रेमिट्यान्स् प्रवाहमा ठुलो गिरावटले अर्थ व्यवस्थामा ठुलो असर पारेको छ । माहामारीका कारण रोजगारदाता देशहरुमा परेको आर्थिक संकटको प्रत्यक्ष प्रभाव रेमिट्यान्स प्राप्त गर्ने देशहरुमा परिरहेको छ ।

रेमिट्यान्स्ले दक्षिण एशियाली मुलुकहरुमो गरिबी घटाउन, मानिसको जीवन उत्थान गर्न र बालश्रम घटाउन महत्वपूर्ण भूमिका खेलेको छ । यहाँका श्रमिकहरु ठुलो संख्यामा खाढी मुलुकमा जाने गर्दछन् । विश्व बैंकको तथ्यांक अनुसार, दक्षिण एशियामा रेमिट्यान्सको प्रवाहमा २२.१% ले गिरावट आउने अनुमान गरिएको छ ।

हालको आर्थिक मन्दीले दक्षिण एशियाली मुलुकमा पुँजी प्रवाहलाई सीमित गरिसकेको छ, तर यो भन्दा पनि रेमिट्यान्स्मा कोभिडको प्रभावले खाद्यान्न, स्वास्थ्य सेवा र आधारभुत आवश्यकताहरु बहन गर्ने व्यक्तिहरुको क्षमतामा प्रत्यक्ष असर पारेको छ । एफएओले लाखौं व्यक्ति भोकमरीको चपेटामा पर्ने आँकलन गरेको छ । त्यसै गरेर युनिसेफको रिपोर्टले लाखौं बालबालिबाहरु कुपोषणको सिकार हुने अनुमान गरेको छ । तसर्थ, रेमिट्यान्सले कुनै राज्यको अर्थ व्यवस्थालाई मात्र असर गरेको छैन । यसले यहाँका परिवारको जिविकोपार्जनमा पनि त्यत्तिकै असर गरेको छ ।

अहिलेको अवस्था फरेन डाईरेक्ट ईन्भेष्टमेण्टमा आएको गिरावटेले पनि दक्षिण एशियामा रेमिट्यान्स् बढी महत्वपूर्ण छ । तसर्थ, दक्षिण एशियामा रेमिट्यान्स्मा आएको गिरावटले राज्यहरुको अर्थतन्त्रलाई ठुलो असर गरेको छ ।

दक्षिण एसियाका देशहरुमा कोभिड - १९ का कारण रेमिट्यान्स्ले पारेको असर



- युद्धले ग्रस्त अफगानिस्तानको अर्थतन्त्र नराम्ररी प्रभावित हुनेछ ।
- नेपाल, भारत, श्रीलंका र बंलादेशमा रेमिट्यान्सको आप्रवाहमा क्रमसः १४%, २३%, १९% र २५% ले गिरावट आउनेछ ।
- रेमिट्यान्समा निर्भर भुटानको कुल गार्हस्थ उत्पादनमा कम असर पर्नेछ, तर पुजीको कम प्रवाहले यससंग सम्बन्धित उद्योगलाई असर गर्नेछ ।
- मालिदिभ्समा एक मात्र आश्रित प्रयटन उद्योगमा पर्ने असरले देशको राजस्वमा ११ % देखी ३० % ले गिरावट आउने अनुमान गरिएको छ ।
- पाकिस्तानमा खाडीबाट आएका आप्रवासी बेरोजगार हुँदा धेरै व्यक्ति घरवार विहिन हुने अनुमान गरिएको छ ।

मनिस जंग पुलामी

लेखक त्रिभुवन विश्वविद्यालय अन्तरगत अन्तरराष्ट्रिय सम्बन्धका विद्यार्थी हुन् ।

फ्रन्टलाईनर्स भोईसेस्

डा. के.एन. पौडेल

कोभिड - १९ फोकल पर्सन

कर्णाली प्रादेशिक अस्पताल

"नेपालमा कोभिड - १९ को केस देखिएको २ महिनासम्म पनि कर्णालीमा केस देखिएको थिएन । हामीले अनुमान गरेको भन्दा धेरै व्यक्तिहरू भारतबाट कर्णाली प्रदेशमा भित्रिए पछि, संक्रमितको संख्यापनि त्यही अनुसार बढ्यो । साथै मृत्युदर पनि धेरै थियो । स्वास्थ्यकर्मीहरू डराउथे । त्यस्तो अवस्थामा उनिहरूलाई उत्प्रेरित गरेर उपचारमा लगाउनुपर्थ्यो । त्यहि क्रममा म आफै कोरोना संक्रमित हुने पुगेँ । तर हाम्रो लक्ष प्रदेशको स्वास्थ्य सेवालाई नमुना वनाउनु छ । हामी लामो समयदेखि कर्णालीमा काम गरिरहेको र यो अप्ठेरो परिस्थीतमा झनै गम्भिरताका साथ काम गर्नुपर्दछ भन्ने भावना हामीमा छ । अहिले अवस्था विस्तारै सामान्य हुँदैछ, तर पनि हामी तयारी अवस्थामा छौं । युरोप अमेरीका जस्तो एकदिनमा हजारौं विरामी निमोनिया भएर आए भने के गर्ने भनेर तयारी गरिरहेका छौं ।"

जिवानन्द पाण्डे

हेल्थ असिस्टेन्ट

बबई हेल्थ डेस्क, सुर्खेत

"बबई हेल्थ डेस्क कर्णाली प्रदेशको मुख्य प्रवेशद्धारमा पर्दछ । जहाँ मैले ४ महिना काम गरेँ । सुरुवातमा स्थानीय र प्रहरी प्रशासनबाट पनि राम्रो सहयोग भएन । जव हामी नै क्वारेन्टाईनमा वस्यौं, त्यहाँ पनि दुख पायौं । चुनौतीपूर्ण हुँदाहुँदै पनि हाम्रो जिम्मेवारीले हामीलाई कामगर्न उत्प्रेरित गरिरह्यो । असार मसान्त देखि हाम्रो करार सकिएको छ । अहिले सवै हेल्थ डेस्क वन्द भएका छन् । अप्ठ्यारो परिस्थीतमा पनि ज्यानको वाजि लगाएर काम गरे बापत सरकारले थप सेवा सुविधा दिने भनेको थियो, तर सो सेवा सुविधा हामीले पाएनौं । यसले अलि निरास बनाएको छ ।"

मोहनमाया ढकाल

उप-प्रमुख

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

"विदेशबाट मान्छेहरू आउनथाले पछि हामीलाई क्वारेन्टाईन व्यवस्थापन गर्न कठिनाई भयो । समुदायका व्यक्तिले मेरो वस्ती नजिकको विद्यालयमा क्वारेन्टाईन नबनाईदिए हुन्थ्यो भन्थे । संक्रमण वस्तीमा आईसकेपछी पनि हामिले नै व्यवस्थापन गर्नुपर्छ भनेर सम्झायौं र क्वारेन्टाईन स्थापना गर्न सफल पनि भयौं । जब हामी क्वारेन्टाईनमा जान्थ्यौं, विदेशबाट फर्केकाहरू भन्ने गर्थे, "ठुलो महामारी र संकटको बेला अन्तिम सत्य घर नै रहेछ ।" यसले अझ उहाँरूको व्यवस्थापन गर्न बढी जिम्मेवार बनायो ।"

सही सूचना

के नेपालमा दैनिक संक्रमितको संक्रमितको संख्या घटेकै हो त ?

जुलाई महिनामा भएको पिसिआर परीक्षण



माथिको ग्राफले २०२० जुन महिना यता कोभिड - १९ को साप्ताहिक रुपमा गरिएको जम्मा परीक्षण र त्यस मध्ये संक्रमण पुष्टि भएको संख्यालाई देखाउँछ । यसले संक्रमण पुष्टि हुने दर विस्तारै घट्दै गाईरहेको देखाउँछ । यसलाई नेपालमा कोभिड - १९ को संत्रमण कम हुदै गएको संकेतको रुपमा पनि लिन सकिन्छ । यद्यपी, परीक्षणको दायरा नबढाईनु र अप्रभावकारी खोजपडतालले भने प्रतिकार्यमा सुधार गर्ने थुप्रै ठाउँ छ भन्ने देखाउँछ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219